"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७५/०७६

चलानी नं. : ९६५

मिति : २०७५/१०/१३

विषय :- आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा सञ्चालन सम्बन्धमा ।

श्री आधारभूत विद्यालय/माध्यमिक विद्यालय

नमोबुद्ध न.पा. अन्तर्गत, काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा मिति २०७५।१०।१३ गते बसेको यस नगरपालिकाको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको बैठकले २०७५ सालमा हुने कक्षा ८ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन सम्बन्धमा तपसिल अनुसार गर्ने गरी निर्णय भएकोले सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

१. २०७५ सालको आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षा कार्यक्रम निम्न अनुसार रहेकोछ ।

परीक्षा सञ्चालन तालिका

| सि न | मिति | बार | विषयहरु | पूर्णाङ्क | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७५।१२।०७ | विहीबार | अनिवार्य नेपाली | १०० | दिनको १:३० बजे देखि | |
| २ | २०७५।१२।०८ | शुक्रबार | अनिवार्य अंग्रेजी | १०० | | |
| ३ | २०७५।१२।१० | आइतबार | अनिवार्य गणित | १०० | | |
| ४ | २०७५।१२।११ | सोमबार | अनिवार्य विज्ञान तथा वातावरण शिक्षा | १०० | | |
| ५ | २०७५।१२।१२ | मंगलबार | अनिवार्य सामाजिक अध्ययन र जनसंख्या शिक्षा | १०० | | |
| ६ | २०७५।१२।१३ | बुधबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | ५०+५० | | |
| ७ | २०७५।१२।१४ | विहीबार | पेसा, व्यवसाय र प्रविधि शिक्षा | १०० | | |
| ८ | २०७५।१२।१५ | शुक्रबार | कम्प्युटर शिक्षा/अन्य विषय | १०० | | |
| | जम्मा पूर्णाङ्क | | | ८०० | | |

२. २०७५ सालको कक्षा ८ को आधारभूत तह(कक्षा-८)स्तरीय परीक्षामा सामेल हुने संस्थागत विद्यालयका विद्यार्थीहरुकालागि परीक्षा शुल्क प्रति विद्यार्थी रु. २००।- का दरले हुने रकम २०७५।१०।२९ भित्रमा रा.वा.वैक धुलिखेलमा रहेको नमोबुद्ध नगरपालिका काभ्रपलाञ्चोकको खाता नं. १०४ मा जम्मा गरी सोको भौचर नमोबुद्ध न.पा.शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

३. यस पत्र संग सम्लग्न विद्यार्थी विवरणलाई (नाम, जन्ममिति आदि) जन्म दर्ता अनुसार पछिसम्म फरक नपर्ने गरी प्रधानाध्यापकले प्रमाणित गरी २०७५।१०।२५ गते भित्रमा नमोबुद्ध न.पा.शिक्षा शाखामा बुझाउनु पर्नेछ

४. यस वर्षको आधारभूत तह(कक्षा-८) स्तरीय परीक्षामा सम्मिलित हुने परीक्षार्थीले एस.इ.इ.परीक्षा २०७७ मा सहभागी हुन जन्म मिति २०६३/१२/३० भन्दा अघि भएको आवश्यक पर्ने हुँदा सोही वमोजिम जन्ममितिको आधार कायम गर्नुपर्ने छ ।

कुमारप्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

URL: www.namobuddhamun.gov.np, Email: namobuddhamun@gmail.com, Fax: 011-404031
Facebook Page: www.fb.com/hellonamobuddhamun

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७५/०७६
चलानी नं. : ९६५

मिति :

५. २०७५ सालको आधारभूत तह(कक्षा-८)स्तरीय परीक्षाका लागि सम्बन्धित विद्यालयमा परीक्षाकेन्द्र कायम गरी प्र.अ.लाई केन्द्राध्यक्ष तोकिएको छ ।

६. यस नगरपालिकाका सम्बन्धित वडाका लिडर मा.वि.बाट आफ्ना फिडर आ.वि.को परीक्षा रेखदेख, अनुगमन र सहयोग गर्नु पर्नेछ ।

७. प्रश्नपत्र तथा परीक्षासंग सम्वन्धित अन्य सामग्रीहरु **२०७५ चैत्र महिनाको पहिलो हप्तामा स्रोतव्यक्तिहरु मार्फत नगरपालिकाको शिक्षा शाखाबाट** वितरण गरिने छ । सबै विद्यालयहरुले स्रोतकेन्द्रमा परीक्षा सामग्री लिन आउंदा विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालयको **आधिकारिक पत्र सहित** पठाउनु पर्नेछ ।

८. परीक्षा समाप्त भएपछि सबै उ.पु.हरु सम्बन्धित विषय शिक्षकहरुबाट विश्वसनीय तवरले परीक्षण गर्न लगाउने र नगरपालिकाको शिक्षा शाखाबाट उपलब्ध गराएको मार्कलेजरमा प्रयोगात्मक तथा आन्तरिक र बाह्य अङ्क चढाई प्रधानाध्यापकबाट अनिवार्य प्रमाणित गरी सो **मार्कलेजर २०७५ चैत २५ गतेभित्रमा अनिवार्य रुपमा नगरपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ** ।

९. मार्कलेजरसाथ परीक्षण गरिएका उ.पु.हरु मध्ये आफ्नो विद्यालयमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउने ३ जना विद्यार्थीका सबै विषयका उ.पु.हरु अनिवार्यरुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्राप्त भएका उ.पु.हरु परीक्षा समितिले सम्परीक्षणको व्यवस्था मिलाउने छ ।

१०. आधारभूत तह(कक्षा-८) स्तरीय परीक्षाको उत्तरपुस्तिका परीक्षण सम्वन्धमा विद्यालयहरुले आपसी समझदारी कायम गरी विद्यालय - विद्यालय वा स्रोतकेन्द्र स्तरमा उ.पु.हरु साटासाट गरी वा आफ्नै विद्यालयका विषयगत शिक्षकहरुबाट के कसरी परीक्षण गर्दा विश्वसनीय र मर्यादित हुन्छ सोही अनुसार गर्न सकिने छ ।

११. विद्यालय तहमा सञ्चालन हुने **अन्य कक्षाका परीक्षाहरु आधारभूत तह(कक्षा-८) स्तरीय परीक्षाभन्दा अगाडी सञ्चालन गर्न पाइने छैन** ।

१२. उल्लेखि वुँदाका अतिरिक्त अन्य कुनै जानकारी आवश्यक परेमा यस नगरपालिकाको शिक्षा शाखामा सम्पर्क राख्नुहुन र परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धमा रचनात्मक सुझाव भएमा तलको इमेल मार्फत पेश गर्नुहुन अनुरोध छ ।

(कुमार प्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

कुमारप्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ तथा कार्यार्थ :

स्रोतव्यक्ति श्री कैलाश प्रसाद पौडेल, श्री कृष्ण माध्यमिक विद्यालय स्रोतकेन्द्र, दाप्चा,काभ्रेपलाञ्चोक : उपरोक्त अनुसार कार्यान्वयनको व्यवस्था मिलाउनुहुन ।

स्रोव्यक्ति श्री प्रेमबहादुर लामा, श्री जनक माध्यमिक विद्यालय स्रोतकेन्द्र, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक : उपरोक्त अनुसार कार्यान्वयनको व्यवस्था मिलाउनुहुन ।